२. **राजश्व बाँडफाँड:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ६,७३,१३,३००।

३. **शसर्त बजेट:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.११,२९,००,०००।
प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.५५,५०,०००।
**जम्मा शसर्त बजेट रु. ११,८४,५०,०००।**

४. **अनुमाणित संचित बजेट:** रु. ३,००,००,०००।

५. प्रस्तावित आन्तरिक आम्दानी बजेट: रु. १५,००,०००।

**जम्मा प्रस्तावित आय** रु. २९,०६,७०,३००।-

**ख. प्रस्तावित आयोजना/योजना र कार्यक्रमहरुको प्रस्तावित खर्च विवरण:**

१. वडा स्तरिय योजना तथा विविध कार्यक्रम **खर्च** : रु. ३,४०,००,०००।

२. पालिका स्तरिय तथा विगत आ.व.हरुको योजना, विविध कार्यक्रम खर्चः रु. ६,९४,०७,०००।

३. चालु तथा पुंजीगत कार्यक्रम संचालन खर्च रु. ६,८८,१३,३००।

४. शसर्त बजेट कार्यक्रम संचालन निर्देशिका अनुसार खर्चः रु. ११,८४,५०,०००।

**जम्मा प्रस्तावित खर्च रु .** २९,०६,७०,३००।-

सभाध्यक्ष महोदय,

माननिय सदस्य ज्यूहरु,

यसरी आ.व.२०८०/२०८१ को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ कार्यपालिका, वडासमितीका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिती, स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्यक्रम तर्जुमा समिती लगायत सम्पूर्ण विषयगत समितीका पदाधिकारी ज्यूहरु, टोल स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सक्रिय जनसामुदाय, बजेट निर्माण प्रकृयमा अहोरात्र खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनहुने एवम अमुल्य सहयोग, सदभाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस भोटखोला गाउँपालिकाको योजना आयोजना तथा कार्यक्रम निर्माण गर्ने क्रममा यहाँहरुबाट जसरी सहयोग प्राप्त भयो सोही बमोजीम कार्यन्वयनको पक्षमा समेत अमुल्य सहयोगको अपेक्षा राख्दछु । यो प्रयास मेरो एकलो प्रयास नभई समग्र भोटखोलाको प्रयास भएको व्यहोरा अनुरोध गर्दछु ।

**धन्यावद**

## महिला, बालबालिका तथा जेष्ठ नागरिक, सामाजिक संघ संस्था

- लैगिक समानता तथा सामाजिक समावेशिकण प्रवर्द्धन गर्न महिला, बालवालिका, दलित, फरक क्षमता भएका व्यक्तिहरु, आदिवासी जनजाती, युवा , जेष्ठ नागरीक तथा क्षमता विकासका कार्यक्रमहरु सरोकारवाला निकाय संगको साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।
- भोटखोला गाँउपालिकामा कार्यरत विभिन्न सामाजिक गैह्रसरकारी संघसंस्थाहरुले गाँउपालिकामा अनिवार्य आवद्ध भएर मात्र आफ्नो कार्यक्रम संचालन गर्न पाउने व्यवस्था नीतिगत रुपमा सामाजिक संघसंस्था संचालन मार्गदर्शन तयार गरिनेछ ।

## अपाङ्गता रोगथाम तथा पुनस्थापना

- अपाङ्गता रोगथाम र मिलिजुली सञ्जाललाई सचेतिकरण र अपाङ्गता उपकरण वितरण गरिनेछ भने भावी सन्तती अपाङ्गता हुनवाट जोगाउन स्वास्थ्य शाखासँग समन्वय गरेर औषधीको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको समुह मिलिजुली समुहलाई आधिकारीक रुपमा दर्ता गरी विभिन्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- पालीका स्तरीय अपाङ्गता भएको व्यक्तिहरुको संस्था (ओपिडी) लाई दर्ता गरी संचालनमा ल्याउनेछ ।
- नयाँ पहिचान भएका अपाङ्गता व्यक्तिहरुलाई आवश्यकताको आधारमा सहयोगी सामग्री वितरण गरिनेछ ।
- अपाङ्गता भएको व्यक्तिहरुको व्यक्तिगत प्रोफाइल तयार गरिनेछ ।

## कार्यविधी तथा संगठन संरचना दरबन्दी स्विकृत

मिति २०८०/०२/२९ गते भोटखोला गाउँपालिकाको कार्यपालिका बैठकबाट पारित

१. भोटखोला गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० र
२. भोटखोला गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिज २०८० लाई स्विकृत गर्दछ।

सभाअध्यक्ष महोदय
सभासदस्य ज्युहरु

आ.व. २०७९/२०८० को असाढ १० गते सम्मको आय र व्यय

| सि.नं. | विनियोजन वजेट | विनियोजन खर्च | खर्च प्रतिशत | भुक्तानी दिन बाँकी |
|---|---|---|---|---|
| १ | ३०९१,६७,०६८।९८ | १९०४१३९७३ | ६१.५८% | ११८,७५३,०९५।९८ |

आ.व. २०८०/२०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम

**क. अनुमानित प्राप्त प्रस्तावित बजेट**

**१. समानीकरण बजेट:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ६,९५,००,०००।
प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ३९,०७,०००।

**जम्मा समानीकरण बजेट रु. ७,३४,०७,०००।-**